कार्यबिधी संख्या- ४

# पाथीभरा याङ्वरक गाउँपालिकाको मर्मत संभार कोष सञ्चालन कार्यविधी–२०७४

गाउँ कार्यपालिकाको बैठकबाट पारित मिति;- २०७४।११।०४

**पाथीभरा याङ्वरक गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

**थेचम्बू, ताप्लेजुङ**

**१ नं. प्रदेश**

प्रमाणित

## पाथीभरा याङवरक गाउँपालिकाको मर्मत संभार कोष सञ्चालन कार्यविधी –२०७४

पाथीभरा याङवरक गाउँपालिकाको सडक, भवन तथा अन्य भौतिक पुर्वाधार मर्मत तथा संभार गर्नका लागि बनेको कार्यविधी

प्रस्तावना: पाथीभरा याङवरक गाउँपालिकाले संचालन गर्ने आयोजना, विकास निर्माणका क्रियाकलाप तथा भौतिक पुर्वाधारहरुको मर्मत तथा संभार गरी दिगोपना र निरन्तरताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधी, २०७४ लागु गरिएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "मर्मत संभार कोष संचालन कार्यविधी – २०७४" रहेको छ।

(२) यो कार्याविधी तुरुन्त लागु हुनेछ।

### परिच्छेद–२
### परिभाषा

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा:–

(क) "मर्मत संभार" भन्नाले पाथिभरा याङवरक गाउँपालिकाले सञ्चालन गरेका पूर्वाधारजन्य प्रकृतिका योजनाहरुको नियमित मर्मत संभार, स्तरोन्नती र तीनको रेखदेख (हेरालुको काम) गर्ने कार्यलाई समेत सम्झनु पर्दछ ।

(ख) "कार्यविधी" भन्नाले मर्मत संभार कोष संचालन कार्यविधी, २०७४ सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले पाथीभरा याङवरक गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका र वडा समिति समेतलाई सम्झनु पर्दछ।

(च) "भौतिक पुर्वाधार" भन्नाले गाउँपालिका भित्रका सडक, झोलुङ्गे पुल, कलभर्ट, कुलो खानेपानी, सिँचाई, तटबन्धन क्षेत्र, सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र खेलमैदान, कभर्डहल र अन्य यस्तै प्रकारका सार्वजनिक भवन तथा संरचनाहरुका अतिरिक्त पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्र वा सो जन्य पुर्वाधार समेतलाई सम्झनु पर्दछ ।

(छ) "उपभोक्ता समिती" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समुहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफुहरु मध्येबाट पाथीभरा याङवरक गाउँपालिका स्रोत सञ्चालन तथा व्यवस्थापन कार्यबिधी, २०७४ बमोजिम

गठन गरेको समिति सम्झनु पर्दछ र सो समुहले सेवा प्रयोगकर्ताहरुको समुहलाई समेत जनाउँदछ।

(ज) "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधीको प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखि कार्य सञ्चालन गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्दछ।

(झ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएका सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधीक सहयोग उपलब्ध गराउने द्विपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघिय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था वा व्यक्ति सम्झनु पर्दछ।

(ञ) "भुक्तानी रकम" भन्नाले निर्माण भएको सडकको भुक्तानी हुदा गाउँपालिका अनुदान, प्रदेश सरकारको अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिताको रकमलाई समेत जनाउँदछ ।

(ट) "वडाध्यक्ष" भन्नेले पाथीभरा याङवरक गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष भनी सम्झनु पर्दछ ।

(ठ) "सडक हेरालू" भन्नाले पाथीभरा गाउँपालिका भित्र बनेका सडक, बाटो, पूर्वाधारजन्य संरचना वा सरकारी भवन मर्मत रेखदेख समेतको कार्य गर्ने गरि सेवा करार गरिएका सडक हेरालू भनी सम्झनु पर्दछ ।

## परिच्छेद-३

## व्यवस्थापन समिति

३. **व्यवस्थापन समितिको गठनः** (१) मर्मत संभार कोषलाई बढी प्रभावकारी, जवाफदेही, पारदर्शी र भरपर्दो ढंगले सञ्चालन गर्नका लागि देहाय बमोजिमको एक मर्मत संभार कोष व्यवस्थापन समिति रहने छः-

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक

(ख) गाउँ कार्यपालिकाको बैठकले आफू मध्येबाट सिफारीस गरेको कम्तिमा एक महिला सहित २ जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना -सदस्य

(घ) प्राविधिक शाखा प्रमुख -सदस्य सचिव

(२) समितीको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) बैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा सम्बद्द विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिनेछ।

(४) समितिको बैठक संचालन कार्यविधी आफैले तय गरे बमोजिम हुनेछ ।

४. **व्यवस्थापन समितीको काम कर्तव्य र अधिकार:-** (१) व्यवस्थापन समितीको निम्नानुसारको काम कर्तव्य र अधिकार हुनेछ:-

(क) गाउँपालिकामा रहेको सडकहरुको प्राथमिकता तोकि मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउने।

(ख) मर्मत संभार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने।

(ग) मर्मत संभारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने।

(घ) सडक, झोलुङ्गे पुल, पुलेसा, खानेपानी, सिँचाई र तटबन्धन क्षेत्रहरुको नियमीत मर्मत संभार, स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने।

(ङ) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाहरु साथै पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्रहरुको नियमीत मर्मत संभार, स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने।

(च) मर्मत संभार गर्दा लाग्ने खर्चमा न्युनिकरण गर्ने तत् सम्बन्धी कार्य योजना बनाउने।

(छ) मर्मत संभार कार्यलाई प्रभावकारी बनाउने ।

(ज) मर्मत संभार सम्बन्धि कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

(झ) सडक हेरालूको पारिश्रमिक निर्धारण गरि सम्बन्धित वडाध्यक्षहरूसंग समन्वय गरी निजहरूलाई कार्य जिम्मेवारी तोक्ने ।

(ञ) सडक हेरालूको सन्तोषजनक काम गरेको नपाईए कामबाट बर्खास्त गरी नयाँ नियुक्ती वडाध्यक्षको समन्वयमा गर्ने ।

## परिच्छेद -४
## कोष स्थापना

५. **मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना:** (१) मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ जसमा देहाय बमोजिमका रकम जम्मा हुनेछ:

(क) नेपाल सरकारबाट मर्मत संभार कोषको लागि तोकी दिएको रकम।

(ख) स्थानीय तहबाट मर्मत संभारको लागि गाउँ सभाबाट स्वीकृत प्राप्त रकम।

(ग) स्थानीय गैर सरकारी संस्थाबाट मर्मत संभारको लागि प्राप्त रकम।

(घ) विकास साझेदारहरुबाट मर्मत संभारको लागि प्राप्त रकम।

(ङ) गाउँपालिका तथा वडाबाट संचालन हुने पूर्वाधारजन्य सबै आयोजनाहरूबाट भुक्तानी रकमको ५% हुने रकम ।

(च) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी तोकि दिएको रकम।

६. **कोष सञ्चालन:** (१) कोषको नाममा प्राप्त हुन आएका रकम पाथीभरा याङवरक गाउँपालिकाको मर्मत संभार कोषको नाममा खाता खोली जम्मा गरिने छ।

(२) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा शाखाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ। तर गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखा नभएको खण्डमा स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित नियम अनुसार आन्तरिक लेखा परिक्षण गर्नुपर्नेछ ।

(४) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

## परिच्छेद–५

## योजना छनौट तथा कार्यान्वयन प्रकृया

७. **योजना छनौट तथा कार्यान्वयन प्रकृया**: (१) मर्मत संभार कोषमा जम्मा हुन आएको रकम देहायको प्रकृया मार्फत योजना छनौट तथा कार्यान्वयन गरिने छ।

(क) तत्काल मर्मत संभार गर्नु पर्ने भनी स्थलगत रुपमा स्थानीय जनताको माग तथा सो लाई पुष्टि गर्ने प्राविधिक प्रतिवेदन र वडा कार्यालयको सिफारिस प्राप्त भएमा मर्मत संभार सम्बन्धी कार्यहरु छनौट गरी कार्यादेश भएको मितीले अधिकतम १ महिना भित्रमा मर्मत संभार गरिसक्नु पर्नेछ।

८. **मर्मत संभार कार्य गराउने सक्ने व्यवस्था**: (१) गाउँपालिका भित्र रहेका भौतिक पुर्वाधारहरुको नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत संभार स्थानीय उपभोक्ताहरुबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ। उपभोक्ता समितीबाट कार्य गराउँदा गाउँपालिकाबाट स्वीकृत स्रोत सञ्चालन तथा व्यवस्थापन कार्यविधी र प्रचलित कानुनहरु बमोजिम गर्न सक्नेछ । साथै स्थानीय साझेदारीको अवधारणालाई आत्मसात गर्न देहाय बमोजिम समेत मर्मत संभार गर्न सकिनेछ।

(क) गाउँपालिकाको लागत सहभागितामा सम्पन्न तथा उपभोक्ता समिती मार्फत भएका भौतिक पुर्वाधार कार्यहरुको उपभोक्ता समितीले मर्मत संभारका लागि कुल लगतको ३० प्रतिशत रकम जम्मा गरेमा उक्त कार्य प्राथमिकतामा राखी गर्ने।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ अनुसार स्थानीय निकायबाट हस्तान्तरण भएका आयोजनाहरुको हकमा ६० प्रतिशत रकम त्यस्ता उपभोक्ता समितीबाट व्यहोर्ने मर्मत संभारका योजनाहरुलाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ।

## परिच्छेद -७

### सडक हेरालू सम्बन्धी व्यवस्था

९. **सडक हेरालू राख्न सक्ने:** (१) यस कोषबाट पारीश्रमिक ब्यहोर्ने प्रत्येक वडामा बढीमा २ जना सम्म सडक हेरालू सम्बन्धित वडाको वडाध्यक्षको समन्वयमा समितिले सेवा करार गर्नेछ । सडक हेरालूको हरेक वर्षको बैशाख महिना देखी कार्तिक महिनासम्म वर्षमा जम्मा ७ महिना काम गरेवापत सडक हेरालूहरूको पारिश्रमिक कोष संचालन समितिको सिफारीसमा गाउँकार्यपालिको बैठकले निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक निर्धारण गर्दा मासिक रू ९,०००।- (अक्षेरी नौ हजार रुपैया) भन्दा बढी निर्धारण गर्ने पाइने छैन ।

(३) यस दफामा लेखिए बाहेकको अन्य कुनै पनि प्रकारको सुविधा, स्थायित्व, भत्ता वा बिदा सडक हेरालूले दावि गर्न पाउने छैन साथै बन्द हड्ताल वा काममा आल्टाल गरेको प्रमाणित भए सीधै सेवाबाट बर्खास्त गरी नयाँ सेवा करार गरिने छ ।

## परिच्छेद -८

### विविध

१०. **संशोधन, खारेजी तथा बचाउ:-** मर्मत संभार कोष सञ्चालन कार्यविधी संशोधन वा खारेज गर्नु परेमा गाउँ गाउँकार्यपालिकाको साधारण बहुमतबाट गर्न सकिनेछ ।

(२) यो कार्यबिधिमा उल्लेख भएको कुराहरुको हकमा यसै कार्यविधी अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

(३) यस कार्यबिधिमा लेखिएको कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछन।